# गण्डकी प्रदेश सभा
## आठौँ अधिवेशन
## बैठक संख्या -२४
## सूचनापत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

<u>मिति २०८२ साल भाद्र ३ गते, मंगलवार</u>

गण्डकी प्रदेश सभाको आजको बैठक माननीय **सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको १:१८** बजे प्रारम्भ भयो।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा **माननीय जित प्रकाश आले, माननीय डिल्लीराम सुवेदी, माननीय दमयन्ती रुचाल, माननीय सिता कुमारी सुन्दास र माननीय श्यामराजा महत**ले समसामयिक विषयमा आफ्नो भनाई राख्नुभयो।

तत्पश्चात **पूर्वमुख्यमन्त्री तथा दलको नेता माननीय खगराज अधिकारी**ले सभालाई सम्बोधन गर्नुभयो ।

तत्पश्चात **माननीय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले विभिन्न मितिमा सभाको बैठकका आकस्मिक, शुन्य र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्नहरु**को जवाफ दिनुभयो ।

तत्पश्चात **माननीय उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्याल**ले अर्थ तथा विकास समितिको प्रतिवेदन सहितको **"गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक"** को दफावार छलफलको लागि सभा समक्ष प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात **"गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक"** माथिको दफावार छलफल प्रारम्भ भयो । उक्त दफावार छलफलमा **माननीय दिपेन्द्र बहादुर थापा, माननीय गणेशमान गुरुङ, माननीय रेशम बहादुर जुग्जाली र माननीय विन्दु पौडेलले** भाग लिनुभयो ।

तत्पश्चात **माननीय उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्यालले "गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक"** माथिको दफावार छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात माननीय सभामुखले **माननीय कुसुम बुढा पुन**ले **"गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक" को दफा ३ को उपदफा (२) मा संशोधनका** लागि दर्ता गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिएको लिखित जानकारी गराएको र उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिरहनु नपर्ने व्यहोरा सभालाई जानकारी गराउँनुभयो ।

तत्पश्चात माननीय सभामुखले **"गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक" का सम्बन्धमा अर्थ तथा विकास समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि २६ सम्म** उल्लिखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले **"गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक" का सम्बन्धमा अर्थ तथा विकास समितिको प्रतिवेदनको संशोधन क्रमसंख्या १ देखि २६** सम्म उल्लिखित संशोधन "गण्डकी प्रदेशमा **घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक" को अंग बनोस्** भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले **विधेयकको दफा २ देखि ३८ सम्म ""गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक"को अंग बनोस्** भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँनुभयो ।

तत्पश्चात माननीय सभामुखले **विधेयकको प्रस्तावना र नाम "गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक" को अंग बनोस् भनि निर्णयार्थ** प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले पारित भयो।

तत्पश्चात **माननीय उद्योग तथा पर्यटन मन्त्री मित्रलाल वस्याल**ले **"गण्डकी प्रदेशमा घरेलु मदिराको उत्पादनलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक"** पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त **विधेयक सर्वसम्मतीले पारित** भयो ।

तत्पश्चात **माननीय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दु कुमार थापाले सामाजिक विकास तथा कृषि समितिको प्रतिवेदन सहितको "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि छलफल गरियोस् भनि प्रस्ताव पेस गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

तत्पश्चात **"गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथिको दफावार** छलफल प्रारम्भ भयो । उक्त दफावार छलफलमा **माननीय डिल्लीराम सुवेदी, माननीय भक्त बहादुर कुँवर, माननीय सुशिला सिंखडा, माननीय पञ्चराम गुरुङ र माननीय सुनिता थापाले** भाग लिनुभयो ।

तत्पश्चात **माननीय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री श्री बिन्दु कुमार थापाले "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो।

तत्पश्चात माननीय सभामुखले **"गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" का सम्बन्धमा सामाजिक विकास तथा कृषि समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १६ सम्म उल्लिखित संशोधनलाई निर्णयार्थ** प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

तत्पश्चात माननीय सभामुखले **"गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" का सम्बन्धमा सामाजिक विकास तथा कृषि समितिको प्रतिवेदनको संशोधन क्रमसंख्या १ देखि १६ सम्म उल्लिखित संशोधन "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात माननीय सभामुखले **विधेयकको दफा २ देखि ३७ सम्म "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत** गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँनुभयो ।

तत्पश्चात माननीय सभामुखले विधेयकको प्रस्तावना र **नाम "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"**को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव **सर्वसम्मतिले स्वीकृत** भयो ।

तत्पश्चात माननीय सामाजिक विकास, युवा तथा खेलकुद **मन्त्री बिन्दु कुमार थापाले "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त विधेयक **सर्वसम्मतिले** पारित भयो ।

तत्पश्चात सामाजिक विकास तथा कृषि समितिका **माननीय सभापति दमयन्ती रुचालले** समितिको प्रतिवेदन सहितको **"गण्डकी प्रदेशमा विद्युत विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** सभा समक्ष प्रस्तुत गर्नुभयो।

तत्पश्चात माननीय सभामुखले आगामि बैठक **२०८२ साल भदौ १५ गते दिनको १:०० बजे बस्नेगरी दिनको** ४:०४ बजे स्थगित गर्नुभयो।

.........................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव